प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : २९७ ॥ २०८१ पुष ०३ गते बुधबार (18th Dec 2024 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## वीरता लेडी जेसीजको निर्वाचन विवाद

# निर्वाचन समितिद्वारा क्षमा याचना

झापा(प्रस)। वीरता लेडी जेसीजको निर्वाचन गराउँदा त्रुटि भएको स्वीकार गर्दै निर्वाचन समितिले क्षमा याचना गरेको छ ।

झुमा चुडालले चुनावी प्रक्रियामा भाग नलिई आफ्नो उम्मेदवारी फिर्ता लिएपछि अध्यक्षको पदका एक मात्र उम्मेदवार निशा शाक्य कायम रहेपछि स्वतः विजयी हुने भएकाले निर्वाचन समितिले माइन्युट लेख्ने क्रममा माइन्युटमा मत सम्बन्धी विवरण उल्लेख हुन गएको र यसबाट पर्न गएको असरप्रति क्षमा याचना गरेको हो ।

निर्वाचन अधिकृत संगिता गिरी , सदस्यहरु संगिता चिमरिया र सरु भुर्तेल खनालले बुधवार एक प्रेस विज्ञप्ति जारी गरी निर्वाचन समितिले कोही कसैप्रति आग्रह-पूर्वाग्रह नराखेको र कसैको मानहानी नगरेको स्पष्ट पारेका छन् । उनीहरुले जेसीजको विधि विधान र निर्वाचनसम्बन्धी स्थापित मान्यताहरुलाई




अवलम्बन गरी निर्वाचन समितिलाई सुम्पिएको जिम्मेवारी पूरा गरेको बताएका छन् ।

'हाम्रो उद्देश्य विधिसम्मत निर्वाचन सम्पन्न गर्नुबाहेक अरु केही नरहेको अवस्थामा निर्वाचन परिणामलाई लिएर विभिन्न समाचारहरु प्रकाशित प्रसारित भएकोमा हामी निर्वाचन समिति दुखित छौं। निर्वाचनसम्बन्धी निर्णय लेखनका क्रममा नियतवश कुनै भाषा प्रयोग नगरिएको जानकारी गराउँदछौं'विज्ञप्तिमा उल्लेख छ ।

वीरता लेडी जेसीजको निर्वाचनमा अध्यक्ष पदकी प्रत्यासी झुमा चुडालले मंगलवार नवनिर्वाचित पदाधिकारी र निर्वाचन समितिका पदाधिकारीविरुद्ध मुद्धा हाल्ने बताएकी थिइन् । निर्वाचन प्रकृयामा भाग नै नलिएको व्यक्तिका हकमा शून्य मत झरेको भन्ने झुठा व्यहोराको माईन्युट गरी आफ्नो आचरण, ख्याति वा नैतिकतालाई होच्याउने गरी चरित्र हत्या गरेको भन्दै उनले नवनिर्वाचित पदाधिकारी र निर्वाचन समितिका पदाधिकारीविरुद्ध गाली बेइज्जतीसम्बन्धी कसुरमा कानुनी प्रकृयामा जाने उनले बताएकी थिइन् ।

साथै उनले विधानविपरीत गठन गरिएको वीरता लेडी जेसीजको नयाँ कार्यसमिति खारेजीको मागसमेत गरेकी छन् ।

# दश वर्षमा दश हजारबढी वैदेशिक श्रमिकको मृत्यु

झापा(प्रस) । वैदेशिक रोजगार बोर्डका अनुसार आर्थिक वर्ष २०७१/७२ देखि २०८०/८१ को दश वर्षसम्म वैदेशिक रोजगारीका क्रममा दश हजार दुई सय ७४ जनाले ज्यान गुमाएका छन् ।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले अन्तर ष्ट्रिय प्रवासी श्रमिक दिवस, २०८१ को अवसरमा मंगलबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा सो तथ्याङ्क सार्वजनिक गरेको हो ।

जिफन्टले सामाजिक सुरक्षामा नियमित योगदान, श्रमिकको अधिकार संरक्षण भन्ने नाराका साथ यो वर्ष विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवस मनाउँदैछ ।

जिफन्टले सार्वजनिक गरेको फ्याक्टसीटमा यो आर्थिक वर्षमा मात्र एक हजार ४९२ जना नेपाली श्रमिकले ज्यान गुमाएको र ५७८ जना अङ्गभङ्ग भई स्वदेश फर्किएका छन् ।

यसैगरी, सन् २०१४/१५ मा एक हजार छ, २०१५/१६ मा ८१३, २०१६/१७ मा ७५५, २०१७/१८ मा ८२९, २०१८/१९ मा ७९६, २०१९/२० मा ६५६, २०२०/२१ मा एक हजार २४९, २०२१/२२ मा एक हजार ४७९ र २०२२/२३ मा एक हजार २०८ जनाको वैदेशिक रोजगारीका क्रममा मृत्यु भएको छ ।

जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले वैदेशिक रोजगारीको सम्बन्धमा वर्षौंदेखि मुलुकमा नै न्यायिक ज्यालासहितको रोजगारीका लागि माग गर्दै आएको भन्दै वैदेशिक रोजगारीमा प्रस्थानदेखि स्वदेश फिर्ता हुँदासम्म सबै प्रकारका शोषणबाट मुक्ति, मर्यादित काम, सामाजिक सुरक्षा, संवाद र सम्मान आधारभूत अडानका विषय रहेको बताए । नेपाली श्रमिक युरोपका केही मुलुकमा रोजगारीका लागि जाने क्रम बढेको देखिएको छ । नेपाली श्रमिक गएको युरोपको तेस्रो र चौथो गन्तव्य मुलुक साइप्रस र माल्टा छन् ।

आर्थिक वर्ष २०७९/८० मा रोमानियामा जाने नेपालीको संख्या १४ हजार २५० जना थियो । चालु आर्थिक वर्षमा १५ हजार ३६४ जना कामका लागि क्रोएसिया गएको तथ्याङ्क छ ।

यस्तै, वैदेशिक रोजगारीमा जाने दक्ष श्रमिकको संख्यामा वृद्धि भएको छ । वैदेशिक रोजगार विभागका अनुसार यो वर्ष (२०८०/८१) मा श्रम स्वीकृति लिएका अदक्ष श्रमिक संख्या एक लाख



४५ हजार ५४७ छ भने दक्ष श्रमिकको संख्या पाँच लाख ७९ हजार ३७३ रहेको छ । सीप नभएका कारण विभिन्न देश पुगेका श्रमिकले समस्या झेल्नुपरेको अवस्था अझै कायम छ ।

अध्यक्ष श्रेष्ठले युरोपका मुलुकहरुमा रोजगारीमा पठाउने नाममा मेनपावर कम्पनी तथा अनधिकृत व्यक्तिले रकम असुल्ने, गन्तव्यमा पुऱ्याएर अलपत्र पार्ने गरेका घटनाप्रति सम्बनिधत निकाय गम्भीर हुन जरुरी देखिएको बताए । आकर्षक रोजगारी मिलाउने भनी आर्थिक ठगी र मानव तस्करी घटना रोक्न त्यस्ता कार्यमा संलग्न संस्था वा व्यक्तिलाई कारवाही गर्न कानुनमा परिवर्तन गर्नुपर्ने उनको भनाइ छ ।

केही वर्षयता एजेन्सी मार्फतभन्दा व्यक्तिगत माध्यमबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्यामा उल्लेख्य मात्रामा वृद्धि भएको छ ।

अध्यक्ष श्रेष्ठले श्रमिकलाई कुनै समस्या पर्दा जिम्मेवारी लिनुपर्ने हुँदा त्यस किसिमको जिम्मेवारीबाट बच्न व्यक्तिगत माध्यम प्रयोग गरेको स्पष्ट देखिएको बताए ।

# सिलिगुडी-चारआली पाइपलाइन ५४ महिनाभित्रै सक्ने सहमति

झापा(प्रस)। दुई पेट्रोलियम पाइपलाइन परियोजना ५४ महिनाभित्रै सक्नेगरी काम गर्ने नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनको 'स्टेरिङ कमिटी' बैठकमा सहमति भएको छ । मंगलबार सोल्टी होटलमा सुरु भएको बैठकले प्राविधिक तथ्यांक एकापसमा आदानप्रदान गरी तोकिएकै समयभित्रै सक्ने सहमति गरेको हो ।

पाइपलाइन र स्मार्ट ग्रीनफिल्ड टर्मिनल निर्माणको क्रममा कुनै समस्या आए तत्काल समाधान गरेर समाधानको बाटो देखाउने पनि सहमति भएको छ। 'मंगलबारको बैठकलाई महत्वपूर्ण बैठकका रूपमा हेरिएको छ । यी परियोजनाहरू ५४ महिनाभित्रै सक्ने लक्ष्य राखिएको छ, त्यसको गिन्ती आजकै मितिबाट सुरु भएको छ,' निगमका प्रवक्ता मनोजकुमार ठाकुरले भने, 'स्टेरिङ कमिटी'ले पाइपलाइन कसरी सञ्चालन गर्ने, समस्या आए तत्काल समाधान गरेर बाटो देखाउने सहमति गरेको छ ।'



बैठकमा निगमका तर्फबाट नायब कार्यकारी निर्देशक वीरेन्द्र गोइत, नायब कार्यकारी निर्देशक दीपक बराल, इन्जिनियरिङ परियोजना तथा सूचना प्रविधि विभाग निर्देशक विनितमणि उपाध्यायलगायत सहभागी थिए । आईओसीका तर्फबाट नेपालको कन्ट्री म्यानेजर निरुपम रायजादासहित अनिरुद्ध थाटे, प्रबिनकुमार सहभागी थिए । बैठकले पाइपलाइन प्रोजेक्ट निर्माणको क्रममा चाहिने वातावरणीय प्रभाव मूल्यांकन अध्ययन (इआईए) प्रतिवेदनका बारेमा पनि छलफल भएको छ ।

'तोकिएको समयभित्र सक्नेगरी काम सक्न पाइपलाइन बनाउने जग्गामा बाउन्डरी सकेसम्म चाँडै सक्ने र आईओसीलाई हस्तान्तरण गर्ने विषयमा पनि छलफल भयो । निगमले हस्तान्तरण गरेलगत्तै आईओसी टेन्डरमा जाने तयार भएको छ,' प्रवक्ता ठाकुरले भने । इन्जिनियरिङ परियोजना तथा सूचना प्रविधि विभाग निर्देशक विनितमणि उपाध्यायले स्टेरिङ कमिटीको बैठक नियमित गर्ने सहमति भएको बताए । 'बैठकको उद्देश्य पाइपलाइन परियोजना समयभित्रै सक्ने थियो, निर्माणका क्रममा आइलाग्ने समस्याहरू छलफल गरेर टुङ्गो लगाउने सहमति भएको छ,' उनले भने । दोस्रो चरणको पेट्रोलियम पाइपलाइन विस्तार गर्न भारतसँग १५ अर्बका दुई वटा पाइपलाइन र एउटा स्मार्ट ग्रीनफिल्ड टर्मिनल बनाउने सम्झौता भइसकेको छ । यी परियोजना भारतले अनुदानमै बनाइदिने गरी सम्झौता भइसकेको छ । भारतको सिलिगुडीदेखि नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन बनाइदिने जनाएको छ । झापाकै चारआलीमा १८,९०० किलोलिटर क्षमताको स्माट ग्रीनफिल्ड टर्मिनल पनि बनाइदिने सम्झौता भएको छ । झापामा निगमको करिब २३ बिघा जग्गा छ । पाइपलाइन बनेसँगै त्यहाँ पेट्रोल र डिजेल भण्डारण गरिनेछ । त्यस्तै, नेपालको अमलेखगंजबाट चितवनको लोथरसम्म ६२ किलोमिटर लामो पेट्रोलियम पाइपलाइन परियोजना पनि बनाउने सम्झौता भएको छ । अमलेखगन्जबाट चितवनको लोथरसम्म बन्ने पाइपलाइन पनि भारतले अनुदानमै बनाइदिने छ । यी तीन परियोजनाको लागत करिब १५ अर्ब लाग्ने अनुमान छ । स्टेरिङ कमिटीको यो दोस्रो बैठक हो । पहिलो बैठक २०२४ अक्टोबर १४ अक्टोबरमा अनलाइनमार्फत भएको थियो ।

# ट्रक दुर्घटनामा दुईजनाको मृत्यु



झापा(प्रस)। इलाममा बिग्रेको ट्रक बनाउनेक्रममा ट्रकले च्यापिएर चालकको मृत्यु भएको छ ।

मंगलवार राति १२.५ बजे इलाम माङसेबुङ-. ३ सल्लेनीस्थित भित्री सडकखण्डमा रबिबाट दमकतर्फ गोलिया बोकेर आउँदै गरेको ना ३ ख ६०३७ नं.को ट्रकको पछाडीको दाहिने साइडको चक्काको हेङ्गर बल्टु भाँच्चिएको थियो । त्यसलाई बनाउने क्रममा गाडी उठाउने जग चिप्लिन गई उक्त ट्रकको बडीले च्यापिई ट्रक चालक पाँचथर हिलिहाङ - ७ भारपा बस्ने ३८ वर्षीय कुमार तामाङको घटनास्थलमा नै मृत्यु भएको हो ।

घटनाबारे प्रहरी चौकी बाँझोमा जानकारी प्राप्त भएपछि प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको र थप अनुसन्धान तथा कानुनी प्रक्रियाको लागि इलाका प्रहरी कार्यालय मंगलबारेबाट प्रहरी टोली गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उता मोरङको सुनबर्षीमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

मंगलवार राति ८.२० बजे सुनबर्षी- ५ भेरुवाथानस्थित हुलाकी सडकखण्ड हुँदै बेलडाँगीतर्फ जाँदै गरेको ना ३ ख ९९०४ नम्बरको ट्रकले रंगेलीबाट डाइनियातर्फ जाँदै गरेको को ४ प १८२३ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । दुर्घटनामा मोटरसाइकल चालक सुनवर्षी-९ बालुबारी बस्ने २६ वर्षीय सुबचन ऋषिदेव गम्भीर घाइते भएका थिए ।

इलाका प्रहरी कार्यालय रंगेलीका प्रहरी निरीक्षक सन्तोष खड्काको नेतृत्वको टोलीले घाइतेलाई उपचारको लागि रंगेली अस्पताल पठाएकोमा डाक्टरले चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो । मृतकको शव पोष्टमार्टमको लागि सोही अस्पताल राखिएको र ट्रक चालक जहदा गाउँपालिका -४ रामचोक बस्ने २९ वर्षीय सुधिर महतोलाई इलाका प्रहरी कार्यालय रंगेलीको नियन्त्रणमा राखिएको मोरङ प्रहरीले जनाएको छ ।




## प्रेस विज्ञप्ति

मिति-२०८१/०९/०२

**आदरणीय पत्रकार मित्रहरु !**

**वीरता लेडी जेसीजको मिति २०८१ मंसिर ३० गते सम्पन्न भएको निर्वाचनको परिणामको विषयलाई लिएर विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा आएका समाचारहरुप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।**

**'शासन व्यक्तिको होइन, विधिको हुनुपर्छ' भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै अघि बढेको वीरता लेडी जेसीजको सन् २०२५ का लागि भएको निर्वाचन प्रक्रियामा अध्यक्ष पदका लागि जेसी झुमा चुडाल र जेसी निशा शाक्यको उम्मेदवारी रहेको थियो। तर, जेसी झुमा चुडालले चुनावी प्रक्रियामा भाग नलिई आफ्नो उम्मेदवारी फिर्ता लिनुभएपछि अध्यक्षको पदका एक मात्र उम्मेदवार जेसी निशा शाक्य कायम रहनुभएकाले निर्वाचन प्रक्रिया र विधि अनुसार कायम रहनुभएकी उम्मेदवार स्वतः विजयी हुने भएकाले हामी निर्वाचन समितिले माइन्युट लेख्ने क्रममा माइन्युटमा मत सम्बन्धी विवरण उल्लेख हुन गएको र यसबाट पर्न गएको असरप्रति क्षमाप्रार्थी चाहन्छौं ।**

**हामी निर्वाचन समितिले कोही कसैप्रति आग्रह-पूर्वाग्रह राखेका छैनौं, कसैको मानहानी गरेका होइनौं । जेसीजको विधि विधान र निर्वाचन सम्बन्धी स्थापित मान्यताहरुलाई अवलम्बन गरी हाम्रो समितिलाई सुम्पिएको जिम्मेवारी सम्पन्न गरेका हौं। हाम्रो उद्देश्य विधिसम्मत निर्वाचन सम्पन्न गर्नुबाहेक अरु केही नरहेको अवस्थामा निर्वाचनको परिणामलाई लिएर विभिन्न समाचारहरु प्रकाशित प्रसारित भएकोमा हामी निर्वाचन समिति दुखित छौं। निर्वाचन सम्बन्धी निर्णय लेखनका क्रममा नियतवश कुनै भाषा प्रयोग नगरिएको हामी यसै विज्ञप्तिमार्फत् जानकारी गराउँदछौं ।**

| संगीता गिरी | संगीता चिमरिया | सरु भुर्तेल खनाल |
|---|---|---|
| निर्वाचन अधिकृत | निर्वाचन समिति सदस्य | निर्वाचन समिति सदस्य |

# महिला श्रमिकलाई खाडी मुलुकमै श्रम स्वीकृति दिइने

झापा(प्रस) ।श्रम स्वीकृति नलिई विदेशमा बस्न बाध्य घरेलु श्रमिक महिलालाई सरकारले श्रम गन्तव्यमै श्रम स्वीकृति दिने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सुरुमा श्रम स्वीकृति लिएर विदेश गएका तर समय सकिएपछि नवीकरण गर्न नपाएका महिला श्रमिकलाई गन्तव्य देशमै श्रम स्वीकृति दिने तयारी गरेको हो ।

श्रम मन्त्रालयले भ्रमण भिसा र अन्य माध्यमबाट मध्यपूर्वका देश (खाडी) मा पुगेर काम गरेका घरेलु श्रमिक महिलालाई पनि दूतावासबाट नयाँ श्रम स्वीकृतिका लागि तयारी भएको जनाइएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीका अनुसार श्रम स्वीकृति नपाएका कारण कतिपय महिला स्वदेश फर्कन नसकेका तथा सुरक्षित रोजगारीकै अवस्थामा रहन चाहने सबैलाई यो सुविधा उपलब्ध हुने छ ।

"श्रम गन्तव्य देशमा वैध भएर काम गरिरहेको अवस्थामा हामीले आफ्नो नागरिकलाई अवैध भनेर श्रम स्वीकृति रोक्नु गलत हुन्छ," मन्त्री भण्डारीले भने, "पुनः श्रम स्वीकृति दिन समस्या नभए पनि भ्रमण भिसामा गएकालाई नयाँ श्रम स्वीकृति दिँदा बायोमेट्रिक गर्ने व्यवस्था मिलाउँदै छौँ ।"

मन्त्रालयका अनुसार निर्णय कार्यान्वयनमा लैजान तीन महिनापहिले नै दूतावासमा पत्राचार गरिएको छ । दूतावासमा बायोमेट्रिक उपकरण नहुँदासम्म एक पटकलाई राहदानी लिँदाको बायोमेट्रिकलाई आधार मान्ने गरी पनि छलफल भइरहेको मन्त्री भण्डारीले जानकारी दिए । हाल नियोगका लागि बायोमेट्रिक उपकरण खरिद गर्न स्रोतको खोजी भएको मन्त्रालयले जनाएको छ । वैदेशिक रोजगारीका लागि ११० वटा देश खुला गरिए पनि घरेलु श्रममा महिलाका लागि कतार, साउदी अरेबिया, युएई, ओमान र कुवेत मुख्य गन्तव्य रहँदै आएका छन् । नौ वर्षदेखि महिलालाई घरेलु श्रमिकका रूपमा यी मुलुकमा जान रोक लगाइएको छ । यी देश जानेमध्ये पनि घरेलु श्रममा जानेको संख्या बढी छ । सरकारले रोक लगाए पनि अवैध बाटोबाट र विभिन्न बहानामा स्वदेशकै विमानस्थल प्रयोग गरेर जानेको संख्या ठुलो छ ।

२०७३ चैत २० गते तत्कालीन संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले घरेलु श्रमिकका रूपमा विदेश जाने नेपाली महिला शोषणमा परेको भन्दै सुरक्षा तथा अन्य सुविधाका सर्त सम्झौता नभएसम्म ती देशमा पठाउन थप रोक लगाउन निर्देशन दिएको थियो । त्यसयता खाडी र मलेसियामा घरेलु श्रमिकका लागि श्रम स्वीकृति लिएर विदेश जान पाएका छैनन् ।

श्रम गन्तव्य देश कतार, साउदी अरब, युएईले पछिल्लो पटक नेपालबाट घरेलु श्रमिक पठाउने बाटो खुला गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । कतारले भने नवीकरणको पहिलो सर्तमै घरेलु श्रमिक पठाउने बाटो खुला गर्नुपर्ने माग गर्दै आएको छ । नेपाल सरकारले भने घरेलु श्रममा महिला बढी जाने भन्दै महिलाको सुरक्षाको विषयलाई संवेदनशील मान्दै आएको छ ।

सरकारले घरेलु श्रमिकमा पठाउँदा सेवा सुविधा, साप्ताहिक बिदा, परिवारसँग सम्पर्क, सिपलगायतका विषयमा श्रम गन्तव्य देशसँग सम्झौता नभएसम्म नपठाउने अडान राख्दै आएको छ ।

# परालको कुन्यूमा आगलागी हुँदा जलेर एकको मृत्यु

झापा(प्रस)। इलामको माई नगरपालिका-२ रातेखाडीस्थित खेतमा राखिएको परालको कुन्यूमा आगलागी हुँदा एक जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय इलामका अनुसार परालको कुन्यूसगैं जलेर देउमाई नगरपालिका-४ मङ्गलबारे निवासी ४३ वर्षिय दिपक भनेर चिनिने तिलबिक्रम शिवाको मृत्यु भएको हो । मंगलवार राति ९.४५ बजेतिर माई- २ रातेखाडी बस्ने ठकबहादुर लिम्बूको घरनजिकै रहेको उनकै परालको कुन्यूमा अचानक आगलागी भएको थियो । घटनाको खबर प्राप्त भएपछि प्रहरी चौकी दानाबारीबाट प्रहरी टोली खटिएर घाइतेलाई उद्धार गरि उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर ल्याउन लागिएको थियो । राति १२.३० बजे उपचारका लागि ल्याउने क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

नयाँ मिलन
बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-७, झापा, फोन नं ०२३-५३३०५६
Gmail: nayamilansavingco@gmail.com

**कर्मचारी बर्गमा सार्वजनिक सूचना !!!**

सूचना प्रथम पटक प्रकाशित मिति: २०८१-०९-०३

**संस्थाको संचालक समितिको निर्णय अनुसार स्वैच्छिक सेवानिवृत्ति योजना (Voluntary Retirement Scheme) लिन इच्छुक कर्मचारीले यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिन भित्रमा संस्थाको प्रशासन शाखामा लिखित निवेदन पेश गर्नुहुन सादर अनुरोध छ।**

प्रशासन शाखा
नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.
सम्पर्क: ०२३-५३३०५६

## बालअधिकारप्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौ ।
- वालवालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कोइरालासहित २५ जनाविरुद्ध पक्राउ पुर्जी

झापा(प्रस)। मोरङको धनपालथान गाउँपालिका-३ को उमा-गौरी सहकारीको रकम अपचलन मुद्दाका प्रतिवादी संघीय संसद्को लेखा समिति सभापति ऋषिकेश पोखरेल पत्नी अञ्जला कोइरालासहित २५ जनाविरुद्ध मोरङ जिल्ला अदालतले मंगलबार पक्राउ पुर्जी जारी गरेको छ । जिल्ला अदालत मोरङका न्यायाधीश अरुणकुमार झाको इजलासले कोइरालासहित २५ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले जनाए । 'पक्राउ पुर्जी जारी गरी इलाका प्रहरी कार्यालय रंगेलीलाई पठाइएको छ', बुढाथोकीले भने, 'सात दिनभित्र प्रतिवादीहरू पक्राउ नपरे प्रहरीले सम्बन्धित व्यक्ति र प्रतिवादीको घरमा तामेली गर्नेछ । म्याद गुजार्दा कानुनबमोजिम प्रक्रिया अगाडि बढ्नेछ ।' प्रहरी अनुसन्धान प्रतिवेदनका आधारमा मंसिर २७ गते जिल्ला सरकारी वकिलको कार्यालयले कोइरालासहित १६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । त्यसअघि २४ भदौमा सहकारी रजिस्ट्रार कार्यालय कोशीले पोखरेल पत्नीको नाम काटेर अध्यक्ष शम्भुप्रसाद रौनियार, उपाध्यक्ष लक्ष्मण शाह, सचिव आलम अन्सारी मियाँ, कोषाध्यक्ष शम्भुप्रसाद सिंह तथा सदस्यहरू आमोद मण्डल, रोशन राजवंशी र जीतमान ठाकुरको नाम अनुसन्धान गर्न प्रहरीलाई पठाएको हो । त्यस्तै, लेखा समिति संयोजक विजयकुमार यादव, सदस्यहरू सुरेन्द्रकुमार राजवंशी र ओशककुमार विश्वासको नाममा समेत थप अनुसन्धानका लागि प्रहरीमा पत्र पठाइएको छ ।इलाका प्रहरी कार्यालय रंगेलीले अनुसन्धान गरी बुझाएको प्रतिवेदनउपर अभियोजन गरेर सरकारी वकिलको कार्यालय मोरङले गत शुक्रबार पोखरेलपत्नी अञ्जला र सहकारीका अध्यक्ष शम्भु रौनियारसहित २६ जनाविरुद्ध २२ करोड बिगोसहित मुद्दा दर्ता गरेको थियो ।

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०९/०३

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ०७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **०७औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **०८औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमक्दाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

<table>
<tr><th>क्र. सं.</th><th>ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण</th><th>कर्जाको प्रकार</th><th>धितो सूरक्षणको विवरण</th></tr>
<tr><td colspan="4">शाखा कार्यालयः दमक</td></tr>
<tr><td rowspan="4">१</td><td>ऋणीः कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उधोग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा मिति २०७६/०६/०५ मा दर्ता नं. २२५२०५/०७६/०७७ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना मोरङ्ग जिल्ला उर्लावारी न.पा वडा नं. ०३ भै हाल सोही स्थान स्थित ड्रिम्स इन्टरटेन्मेन्ट होटल प्रा. लि.</td><td>ब्यवसायीक आवधिक कर्जा</td><td>बोधराज श्रेष्ठको नाममा मालपोत कार्यालय बेलवारी मोरङ्गमा, दर्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ०९, स्थित कि.नं.१४९७ र १५०१ को क्षेत्रफल क्रमशः ०-०-१.५ र ०-०-१८.५ (वि.क.धु.) जग्गा, (सो जग्गामा निर्मित पक्की घर) र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td>ऋणीः खड्ग प्रसाद श्रेष्ठको नाती, बाबुराम श्रेष्ठको छोरा नागरीकता बमोजिम ताप्लेजुङ्ग जिल्ला, खेवाङ गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा.वडा नं. ०३ बस्ने, मिति २०५७/०४/११ मा जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ्गबाट जारी गरिएको ना.प्र.नं. ४३९४८/२४२६ भएको वर्ष ४१ को उदय चन्द्र श्रेष्ठ ।</td><td>व्यक्तिगत ओडी कर्जा</td><td>उदय चन्द्र श्रेष्ठको नाममा मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता कायाम रहेको मोरङ्ग जिल्ला लेटाङ गा.वि.स वडा नं ७ स्थित कि.न.१४२२, १४२०,८५२, १९५०, १९५९, १९६२ र १४४१ को क्षेत्रफल क्रमशः (०-०-७-१), (०-०-१२), (०-०-१७-३), (०-०-२-१), (०-०-११-०), (०-०-१०-०) र (०-१-०-२ गरि कुल क्षेत्रफल ०-४-१-२ वि.क.धु.क (अक्षरमा चार कठ्ठ एक धुर दुई कन्वा) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>निशा श्रेष्ठको नाममा मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला लेटाङ गा.वि.स बडा नं. ७ स्थित कि.न.१९६३, १९६४, १९६१ र १४३१ वो क्षेत्रफल क्रमशः(०-०-१०-०), (०-०-१३-१), (०-०-१०-०) र (०-०-१८.३) गरि कुल क्षेत्रफल ०-२-१२-० वि.क.धु क.(अक्षरमा दुई कठ्ठ बाह्र धुर) जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिलिगापात समेत ।</td></tr>
<tr><td colspan="3">व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण</td></tr>
<tr><td colspan="2">धितो/व्यक्तिगत जमानीकर्ता/संचालक<br>नाम : बोध राज श्रेष्ठ<br>बाबु : नेत्र बहादुर श्रेष्ठ<br>बाजे : विर बहादुर श्रेष्ठ<br>ना.प्र.नंः २०३६ (जारी मिती :२०५७/०२/०२धनकुटा)<br>ठेगानाः धनकुटा जिल्ला, अर्खौले जितपुर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०३ बस्ने ।<br>व्यक्तिगत जमानीकर्ता/संचालक<br>नाम : उदय चन्द्र श्रेष्ठ<br>बाबु : बाबुराम श्रेष्ठ<br>बाजे : खड्ग प्रसाद श्रेष्ठ<br>ना.प्र.नं : ४३९४८/२४२६ ( जारी मिती : २०५७/०४/११ताप्लेजुङ्ग)<br>ठेगानाः ताप्लेजुङ जिल्ला खेवाङ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा वडा नं. ०३ बस्ने ।<br>व्यक्तिगत जमानीकर्ताः<br>नामः निशा श्रेष्ठ<br>बाबुः नारायण श्रेष्ठ<br>पतिः उदय चन्द्र श्रेष्ठ<br>ना.प्र.नंः २५०९१(०६३/०३/०७ झापा)<br>ठेगानाः झापा जिल्ला तोपगाछी गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. ३ बस्ने ।</td><td>व्यक्तिगत जमानीकर्ताः<br>नाम : निशा मास्के<br>बाबु : बाल कुमार मास्के<br>पति : बोधराज श्रेष्ठ<br>ना.प्र.नं : ४२३५८२/१२४ (जारी मिती : २०६२/०४/१८तेहथुम)<br>ठेगानाः तेहथुम जिल्ला जलजले गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा वडा नं. ०३ बस्ने ।<br><br>व्यक्तिगत जमानीकर्ता/संचालक<br>नाम : टिका राज भण्डारी<br>बाबु : रत्न बहादुर भण्डारी<br>बाजे : रणध्वज भण्डारी<br>ना.प्र.नं : ३०३८६-९२७ (जारी मिती : २०५५/१०/२० मोरङ्ग)<br>ठेगाना : मोरङ्ग जिल्ला उर्लावारी न.पा वडा नं. ०७ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०३ बस्ने ।</td></tr>
</table>

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षेरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जाडोमा बालबालिकालाई जोगाऔं

पुष महिना शुरु भएसंगै चिसो बढ्दै गएको छ । जाडो याममा खासगरी बालबालिका र बृद्धबृद्धा बढी प्रभावित हुन्छन् । जाडोमा बालबालिकालाई बढी स्याहारको आवश्यकता पर्दछ । गर्मीबाट जाडोको मौसम परिवर्तन हुँदा बालबालिकालाई धेरै ध्यान दिनुपर्छ । गर्मीलाई अँगाल्दै आएको समयमा जाडो आउँदा रोगसँग लड्न सक्ने क्षमता अलि कमजोर हुन सक्छ ।

बच्चाहरुलाई बिहानको घाममा राख्नुपर्छ । यो एकदमै जरुरी छ ।यसले भिटामिन डी त प्रदान गर्छ नै चिसो लाग्नबाट बचाउँछ । घाममा राख्दा तोरीको तेलले मालिस गरिदिनुपर्छ ।बिहान बेलुका मनतातो पानी खुवाउनुपर्छ । सुत्ने बेलामा मनतातो दूध नभए पानी खुवाएर सुताउनुपर्छ । धेरै अभिभावकले जाडोमा सुन्तलाले चिसो लाग्छ भनेर खान दिंदैनन् तर सिजन अनुसारको फलफूल खानदिनुपर्छ । बदाम पनि खान दिनुपर्छ ।यसले तातो गराउँछ ।

तातो बनाउने भनेर हिटर बालेर मसाज गर्दिन्छन् तर हिटर तथा कोइलाले कार्बोन्डाइअक्साइड फाल्ने भएर साँस फेर्न गाह्रो हुन सक्छ । छालामा पनि असर गर्न सक्छ । हिटर वा कोइला एकदम कम समयको लागि बाल्ने गर्नुपर्छ ।

साना नानीहरुलाई जाडो छ भनेर धेरै लुगाहरु लगाइदिने गर्छन् अभिभावकहरु त्यसो गर्नुहुन्न । । कहिलेकाही त्यही लुगा बढी भएर पसिना आउने हुन्छ र त्यही पसिना सोसेर निमोनिया हुन सक्छ । पसिना आएको छ वा छैन भनेर चेक गर्नुपर्छ ।

राति सुत्दा साना नानीहरुलाई डाइपर नै लगाइदिए हुन्छ । परिवर्तन गरिराख्दा झन चिसो लाग्न सक्ने हुन्छ ।

तातो तथा ताजा खानेकुरामा जोड दिनुपर्छ । झोलिलो खाने कुरामा ध्यान दिनुपर्छ ।बच्चाहरुलाई राति सुत्दा मोजा र टोपी नछुटाउने ।

स्तनपान गराइरहेका महिलाहरुलाई दूध खुवाउन छुटाउनुभएन । यसले पनि चिसोबाट बचाउँछ।छाला सुख्खा हुने भएकाले मोइस्चराइजर लगाइदिराख्नुपर्छ ।नुहाउने बित्तिकै लगाइदिनु अझै राम्रो हुन्छ ।

त्यसैगरी बिहान र साँझ शीत पर्ने हुनाले चिसोमा खेल्न नदिने । घाम लाग्दा भने खेल्न दिनुपर्छ । घरभित्रै खेल्न दिएको राम्रो हुन्छ । डान्सहरु गराउने । उफ्रिने अभ्यास गराउनुपर्छ ।

तुलसीको पात उमालेर खुवाउन सक्छ ।यसमा चिसोबाट बचाउन सक्ने तत्व हुन्छ । तातो पानी वा कालो चियामा र ाखेर दिन सकिन्छ ।




# अर्थतन्त्र वृद्धिका विपरीत धार



• यज्ञनाथ दाहाल

आजको सूचना प्रविधिद्वारा आबद्धित तथा सञ्जालीकृत विश्वव्यापीकरणको युगमा प्रत्येक मुलुकका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, पर्यावरणीय आयाम अन्य मुलुकसँग कुनै न कुनै आयाममा अन्योन्याश्रित तवरले गाँसिएका हुन्छन् । उदारीकरणको सकारात्मक पक्षको प्रभाव भनेकै वस्तु व्यापारको विश्वव्यापीकरण, पुँजीको अन्तरदेशीय प्रवाह, प्रविधिको देश देशबिचमा प्रसारण र हस्तान्तरण, पर्यावरण प्रभाव चाहे सकारात्मक हुन् वा नकारात्मक । सबैतिर बेरोकटोक आवागमन हुने स्थिति विश्वस्तरमा छरिएर रहेका मानवका साझा चिज हुन् अर्थात् पुँजी, प्रविधि, विचार, व्यापार र वातावरण देशीय सिमानाभित्र मात्र कैद गरेर राख्ने विषय परेनन् अब । विश्व अर्थतन्त्रको प्रभाव सबै मुलुकमा कुनै न कुनै ढङ्गले पर्ने हुनाले प्रत्येक राष्ट्रले आआफ्ना आर्थिक तथा वित्तीय नीतिको पुनरवलोकन, समायोजन र परिमार्जन गर्नु नितान्त जरुरी हुन्छ । नेपाल पनि यो विषयबाट अलग भएर रहन सक्ने अवस्था नरहेकाले विश्वव्यापी आर्थिक वृद्धिका क्षेत्रमा देखिने विपरीत धार तथा वेगलाई सूक्ष्म ढङ्गले नियाल्दै आफ्ना आर्थिक रणनीति तथा वित्तीय मार्गदर्शन तय गर्नमा चनाखो रहनुपर्ने छ ।

जीवनस्तरलाई क्षयीकृत गर्ने जोखिम हुने गरी प्राप्त प्रगतिलाई समानुपातिक बराबरी वितरण गर्न नसकेको करिब ११० ट्रिलियन अमेरिकी डलर बराबरको कुल विश्व उत्पादन विश्वका मुलुकसँग छ । आर्थिक वृद्धि, नवीन खोज र लगानीका क्षेत्रमा अवरोध गरी राजनीतिक र सामाजिक अस्थिरता आरम्भ गर्ने खालका शक्तिशाली तागत विश्वको अर्थतन्त्रले अहिले बेहोरिरहेको छ । उदाहरणका लागि २५ बर्से एउटा पुस्ता ठहऱ्याई यो एक पुस्तामा प्रतिव्यक्ति आम्दानीलाई दुई गुणा गर्न आवश्यक पर्ने तीन प्रतिशत आर्थिक वृद्धिको तल्लो सीमासम्म हुने गरी अमेरिका, युरोपियन संघ र जापान जस्ता ठुला अर्थतन्त्रको समेत आर्थिक वृद्धि भइरहेको छैन । त्यस्तै ठुला उदीयमान अर्थतन्त्र भएका ब्राजिल, अर्जेन्टिना र दक्षिण अफ्रिका जस्ता मुलुक पनि धिमा गतिको आर्थिक वृद्धिको मार खेपिरहेका छन् । आगामी परिदृश्यको लेखाजोखा गर्दा विश्व अर्थतन्त्रको वृद्धिमा आधा दर्जनभन्दा बढी नै विपरीत धार सामुन्ने देखा पर्छन् । तिनमा भूराजनीतिक दरार, विभाजित घरेलु राजनीति, जनसाङ्ख्यकीय प्रवृत्ति, प्राकृतिक सम्पदाको कमी, देशभित्रै र देश देशबिचको बढ्दो असमानता, प्रविधिगत व्यवधान र आर्टिफिसियल इन्टेलिजेन्ट (एआई) को उदय, सरकारका बढ्दो ऋण र खुकुला वित्तीय नीति प्रमुख हुन् । यी र यस्ता अन्य विपरीत धारको संयोजनबाट आउने दिनमा आर्थिक वृद्धिमा बृहत्तर अवरोध देखिने सम्भावना छ ।

विश्व अर्थन्त्रको वृद्धिमा रोकावट ल्याउने पहिलो विपरीत धार नै बढ्दो भूराजनीतिक द्वन्द्व हो । खासगरी अमेरिका, चीन र रसियाबिचको द्वन्द्व र यसलाई थप मलजल गर्ने इरान र उत्तर कोरियाको जोखिमयुक्त व्यवहार नै भूराजनीतिक दरारका प्रमुख पक्ष हुन् । यसबिचमा दुई वर्षदेखि चलेको रसिया-युक्रेन युद्ध तथा इजरायल र हमासको आपसी लडाइँले पनि विश्व अर्थतन्त्रमा प्रभाव पारेको छ । विश्वको जनसंख्याको ४० प्रतिशत अंश र विश्वको कुल जिडिपीको ३६ प्रतिशत भाग ओगट्ने पहिले ब्राजिल, रसिया, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलित पाँच राष्ट्र रहेका छन् । अहिले इजिप्ट, इथियोपिया, इरान तथा संयुक्त अरब इमिरेट गरी नौ सदस्यीय बनाइएको ब्रिक्सको गठनले विश्वलाई बहुध्रुवीय बनाउन सहयोग पुऱ्याएको छ । यसका धेरै सकारात्मक पक्ष रहे पनि भूराजनीतिक खाडल निर्माणमा यसको पनि योगदान रहेको विषयलाई नकार्न मिल्दैन । यसले आर्थिक वृद्धिमा नकारात्मक असर त पार्छ नै । यसभन्दा पनि यस्तो अनेकौँ समूहमा विभाजित भएर विश्व बहुध्रुवमा खण्डीकृत हुँदा जलवायु परिवर्तन, जैविक विविधताको विनाश र वातावरणीय क्षयीकरण जस्ता पृथ्वीमा बस्ने प्राणीका साझा समस्या समाधान गर्ने शक्तिशाली साझा र सामूहिक प्रयत्न निकै नै कमजोर र अप्रभावकारी हुन पुग्छन् ।

नेपाल, बङ्गलादेश, म्यान्मार जस्ता अति कम विकसित मुलुकको त के कुरा, विकसित अर्थतन्त्र हुने धेरै मुलुकसमेत गहिरिँदै गएको घरेलु राजनीतिक ध्रुवीकरणसँग संघर्ष गरिरहेका छन् । हालै मात्र भएको चुनावमा निर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको ह्वाइट हाउसको फिर्तीले राजनीतिमा अनेकौँ रूपान्तरण हुने र अस्थिरता निम्तिने सङ्केत गरिरहेको छ । विश्वमा लोकप्रियतावादको भुमरी बढ्दै जाँदा र मुलुकभित्रको राजनीतिक ध्रुवीकरणको बाध्यतामा परी सरकारले आफ्नो बजेट विनियोजनको ठुलो राशि विस्तृत कल्याणकारी कार्यक्रममा खर्च गर्नुपर्दा स्वास्थ्य हेरचाह, शिक्षा, भौतिक पूर्वाधार जस्ता अत्यावश्यक र अपरिहार्य भएका सार्वजनिक वस्तुमा बजेट विनियोजन गर्न मुलुकलाई निकै कठिन हुने देखिन्छ ।

विश्वले बृहत्तर जनसांख्यिक परिवर्तन अनुभव गर्दै छ, जसबाट विश्वको जनसंख्याको आकार र गुणस्तरीय श्रमशक्तिमा ठुलो प्रभाव पर्न जान्छ । संयुक्त राष्ट्रसंघको जनसंख्या हेर्ने एजेन्सीले भने अनुसार सन् २१०० सम्ममा विश्वको जनसंख्या हालको आठ अर्बबाट १० अर्ब ४० करोड पुग्ने प्रक्षेपण छ । यो बृहत्तर जनसंख्याको उचित सम्बोधन नहुने हो भने विश्वको अर्थतन्त्र निर्माणमा अनेकौँ सीमितता र अवरोध पैदा हुन सक्छन् । खेतीयोग्य जमिन, पिउनयोग्य पानी, ऊर्जा, दुर्लभ धातु जस्ता प्राकृतिक सम्पदाको कमी हुँदै छ । आजको राजनीतिक खिचातानी र आर्थिक विखण्डनले मुद्रास्फीतिमा तीव्रता र वस्तुको चर्को मूल्य सिर्जना गर्ने गरी यस्ता प्राकृतिक सम्पदाको कमीलाई अझ बढाउँदै छ । सहरीकरण, विश्व जनसंख्या वृद्धि, एआईसम्बन्धी ऊर्जा उपभोग जस्ता दीर्घकालीन ताकतले वस्तुको उपभोगलाई व्यापक रूपमा बढाएका छन् । सजिलो क्षेत्रबाट प्राप्त हुने प्राकृतिक सम्पदाको समाप्तिपछि अति दुर्गम, पिछडिएको क्षेत्र र राजनीतिक रूपले अस्थिर भूभागबाट यस्ता सम्पदाको आपूर्ति गर्ने बाध्यता आउँदा यसले ठुलो जोखिम र उच्च लागतसमेत पैदा गर्छ । जीवाश्म इन्धनको उपभोगको अवस्था हेर्दा यसमा कमी आएको देखिन्न । विश्वव्यापी तेलको उपभोग अहिले एक सय मिलियन ब्यारेल (प्रतिब्यारेल करिब ११९ लिटर) प्रतिदिन रहेको छ तर उदाहरणका रूपमा अमेरिकी नागरिकले व्यतीत गरेको औसत जीवनस्तर विश्वका सबै नागरिकले जिउने एवं व्यतीत गर्ने हो भने विश्वव्यापी तेलको उपभोग पाँच सय मिलियन ब्यारेल प्रतिदिन आवश्यक पर्ने देखिन्छ । पेरिस जलवायु सम्झौताले लिएको बढिरहेको विश्व तापमानलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्यमा पुग्न जीवाश्म इन्धनको प्रयोगमा भारी कटौती गर्नु आवश्यक छ, अन्यथा हरितगृह ग्यास उत्सर्जनमा कमी आउने सम्भावना नै रहन्न ।

आर्थिक वृद्धिमा लामो समयदेखि अनुभव गरिएको अर्को अवरोध भनेको असमानता पनि हो । यहाँ असमानताको विषय उठान गर्दा केवल आम्दानी र धनदौलतमा देखिएको असमानताको मात्र कुरा गरिएको छैन, गुणस्तरीय शिक्षा, स्वास्थ्य उपचार, भौतिक पूर्वाधारमा रहेको पहुँचका आधारमा समेत असमानताको परिभाषा निर्धारण गरिएको छ । आर्थिक नीति संस्थान भन्ने प्राज्ञिक संस्थाले सन् १९७० देखि २०१२ सम्मको अवधिमा गरेको अनुसन्धानले देखाए अनुसार असमानताले प्रतिवर्ष जिडिपीको दुईदेखि चार प्रतिशतसम्म समग्र माग घटाउने तथ्य उजागर गरेको थियो । अक्सफामले सन् २०२३ मा प्रकाशित गरेको एक प्रतिवेदन अनुसार विश्वका उच्च तहका ८१ जना खर्बपतिसँग संसारका तल्लो तहमा रहेका ५० प्रतिशत मानिसको भन्दा बढी सम्पत्ति छ । विश्व महामारीका रूपमा आएको कोभिड-१९ को अत्यन्त प्रतिकूल प्रभावबाट एकै पटक १० करोड मानिसलाई चरम गरिबीमा धकेलेको अभिलेख छ । स्वच्छ ऊर्जा, उदीयमान प्रविधि जस्तै एआई प्रविधि धनी मुलुकमा अत्यधिक केन्द्रित छन् । यस आयाममा गरिब राष्ट्र धेरै पछाडि परेका छन् ।

आगामी विश्व अर्थतन्त्र वृद्धिका विषयमा छलफल गर्दा पछिल्लो एआई र प्रविधिगत बाधा व्यवधान पनि एउटा भुल्नै नसकिने पाटो हो । उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि प्रविधिगत विकास खास गरी एआईसँग सम्बन्धित प्रविधिको बृहत्तर अवसर तथा सम्भावना देखिन्छ । यसका सबल पक्षका अतिरिक्त जोखिम पनि त्यत्तिकै ज्वलन्त छन् । एआईको उपयोगबाट श्रमिकको औसत उत्पादकत्वमा १४ प्रतिशतले र नयाँ एवं कम दक्षता भएका कामदारको उत्पादकत्वमा ३४ प्रतिशतसम्म अभिवृद्धि भएको एक अध्ययनले देखाएको छ । यसबाट के देखिन्छ भने विश्वव्यापी आर्थिक वृद्धिमा एआई सर्वशक्तिमान साधनका रूपमा तम्तयार छ । एआईबाट ठुलो खतराको सङ्केत पनि दृश्यावलोकन गर्न सकिन्छ । सन् २०२३ मा गरिएको एक शोधअनुसार स्वचालन प्रणालीले करिब ३० करोड पूर्ण रोजगारीलाई कटौती गर्ने जोखिम छ । त्यस्तै यस्तो प्रविधिको सञ्चालनार्थ ठुलो परिमाणमा ऊर्जाको आवश्यकतासमेत पर्छ ।

विश्वव्यापी तवरमा धेरै सरकारका बजेटमा ठुलो मात्रामा ऋणको भार देखिनु पनि आर्थिक वृद्धिका लागि हटाउनै नसकिने व्यवधान हो । नेपालकै सन्दर्भमा हालै मात्र चीनसँग भएको बिआरआई समझदारीको कार्यान्वयन योजनामा हस्ताक्षर सम्पन्न गर्ने सिलसिलामा ऋण लिएर बिआरआई कार्यान्वयन गर्ने नहुने भन्ने विषयमा ठुलो बहस भएको थियो । विश्वव्यापी ऋणको अंश हेर्दा पछिल्लो तथ्याङ्क अनुसार विश्वमा कुल जिडिपीको ९३ प्रतिशत पुगेको अनुमान छ । नेपालको सन्दर्भमा हेर्दा कुल गार्हस्थ उत्पादनको करिब ४५ प्रतिशत सार्वजनिक ऋण रहेको पाइन्छ । सरकारका वित्तीय नीति खुकुला र कम प्रभावकारी हुँदा पनि आर्थिक वृद्धिमा निकै ठुलो व्यवधान झेल्नुपर्ने हुन्छ ।

हाल संसारमा देखिएको आप्रवासनको प्रवृत्ति पनि विश्व अर्थतन्त्रको विकासमा व्यवधानका रूपमा देखिएको छ । जलवायु परिवर्तनको जोखिमबाट बच्ने ध्येय, युद्ध, अशान्ति वा घरेलु द्वन्द्वका कारण मानिस आफ्नो मौलिक स्थानबाट विस्थापित हुने प्रवृत्ति ह्वात्तै बढेर गएको छ । सन् २०२४ मात्र बलजफ्ती आप्रवासनमा धकेलिएका मानिसको सङ्ख्या १२ करोडभन्दा पनि बढी रहेको देखिन्छ । यसका अतिरिक्त अमेरिकामा राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको उदयले बहुपक्षीयतावादमा खण्डीकरण आउनाले समेत आर्थिक उन्नतिमा रोकावट पैदा भएको विषय विश्वस्तरमा महसुस गरिएको छ । खासमा पछिल्लो दशकमा देखिएको विश्वव्यवस्थाको खण्डीकरणका कारणले समेत धेरै मुलुकको आर्थिक प्रणालीमा नकारात्मक प्रभाव पारेको पाइन्छ ।

नेपाल जस्ता मुलुकमा आवधिक योजना र वार्षिक बजेट विनियोजनले निर्धारण गरेबमोजिमका पुँजीगत खर्चको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, औद्योगिकीकरण नहुनाले विश्वव्यापारमा नेपालको पहुँच कमजोर भई चुलिँदो व्यापार घाटा देखिनु, योजना लामो समयसम्म सम्पन्न नहुनु, कठोर आर्थिक अनुशासनको अभावमा सुशासनको स्थिति कमजोर रहने प्रवृत्तिसमेत अर्थतन्त्र वृद्धिका विपरीत धारका रूपमा लिन सकिन्छ ।

अर्थतन्त्र वृद्धिमा देखिने उल्लिखित जोखिम निराकरणका लागि प्रत्येक सरकार सचेत रहँदै आफ्ना आर्थिक तथा वित्तीय नीति मार्गदर्शन समयमै समाजित हुने गरी तर्जुमा र कार्यान्वयन गर्न सकेको खण्डमा मात्र यी व्यवधानबाट पार पाउन सकिन्छ ।

# कसले गर्ला कात्तिके बोडीको 'ब्रान्डिङ'?



• जीवनप्रसाद राई

बैजनी रंगको कोसा, अलिकति सेतो लतपतिएको जस्तो। त्यसभित्र खैरो किरबिरे दाना। भोजपुरको तल्लो भेगतिर प्रशस्तै फल्ने यो कात्तिके बोडी हो। अन्यत्रभन्दा फरक यस क्षेत्रको कात्तिके बोडी कमलो र स्वादिष्ट हुन्छ।

भोजपुरको हतुवागढी गाउँपालिका, धनकुटाको पाख्रीबास नगरपालिकाको मुगा, घामे र बैकुण्ठे, शहीदभूमि गाउँपालिकाको खोकुमा खेती गरिन्छ। सदियौंदेखि फल्दै आएको कात्तिके बोडी कसैको आँखामा पर्न नसकेको तरकारी बाली हो। कात्तिके नामको बोडी अन्यत्र पनि हुन्छ, तर भोजपुर र धनकुटामा पाइने जस्तो कात्तिके बोडी देशका अन्य भोग र बाहिरी मुलुकमा देखेको छैन।

कात्तिकमा फल्ने भएकाले यसलाई कात्तिके बोडी भनिएको हो। वैशाख-जेठमा मकैसँगै छर्ने गरिन्छ। यसलाई थाक्रा पनि चाहिंदैन। कान्लामा आफैं लहरिएर फैलिन्छ। साउनदेखि फुल्न थाल्छ भने भदौदेखि अलि अलि फल्न थाल्छ। असोजमा निकै राम्रो भइसक्छ भने कात्तिकमा खान मिल्ने हुन्छ। अत्यधिक फल्छ। अलिअलि त पुस महिनासम्म फलिरहन्छ।

नेपालबाट धेरैजसो रैथाने बाली हराइसकेका छन्। कतिपय अध्ययन-अनुसन्धानका क्रममा विदेश पुगेका छन्। नेपालबाट रैथाने बाली जापान, इजरायल, अमेरिका, युरोपसम्म पुगेको वनस्पतिविद् डा. तीर्थबहादुर श्रेष्ठ बताउँछन्। काठमाडौंको स्थानीय काउली, डोल्पा स्नोबल काउली, ४० दिने मूला, प्यूठाने रातो मूला लगायत रैथाने बाली विदेशका भइसकेका छन्।

भोजपुर र धनकुटातिर फल्ने कात्तिके बोडी भने अहिलेसम्म विदेशीको हातमा परेको छैन। नत्र नेपालका धेरै रैथाने बाली विदेशिएर उतैका हुन्छन्। त्यसमा थप अध्ययन-अनुसन्धार गरेर उन्नत स्वरूपमा फेरि नेपाल आउँछन्। अरूको हातमा नपरेको कात्तिके बोडीबारे थप अनुसन्धान गर्नुपर्ने विज्ञहरू बताउँछन्। कात्तिके बोडी पनि धेरै प्रकार हुन्छन्। आन्द्रा जस्तै लामो र सुकेपछि पनि पाक्ने गुण भएको बोडी, यसैगरी, अलि ठूलो पाटा भएको एकदमै स्वादिलो बोडी, अलि मसिनो र भित्रको दाना पनि सानो हुने र सुकेपछि भने चाम्रो हुने बोडी। त्यस्तै रङको हिसाबमा सेतो, कालो, रातो, छिर्केमिर्के, पहेंलो, नीलो आदि बोडी हुन्छन्।

प्रत्येक बोडीको आआफ्नो गुण र विशेषता अनुसार शुद्धीकरण गर्न केही समय लाग्छ। त्यसमध्ये पनि कात्तिके बोडीलाई जेठ-असारसम्मै फल्ने बनाउन सकिन्छ। यसका लागि नेपाल सरकार र नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले प्राथमिकतामा राख्नुपर्छ।

### अध्ययन-अनुसन्धान आवश्यक

जुनसुकै बाली-बिरुवालाई व्यावसायिक विकास गर्न लगानी आवश्यक पर्छ नै। पैसा मात्रै होइन, समय पनि लाग्छ। शुरूआतमा कात्तिके बोडीको बीउमा शुद्धता कायम गर्नुपर्छ। गाउँमा यसका सबैखाले बीउ एकै ठाउँमा राखेर खेती गर्ने गरिएको छ। व्यावसायिक खेती गर्न शुद्धता आवश्यक हुन्छ। त्यसमा केही वर्ष पनि लाग्न सक्छ।

बीउमा शुद्धता कायम गर्न आवश्यक बजेटका लागि संघीय सरकारले ध्यान दिनुपर्छ। नार्कले अध्ययन गरेर बीउ सिफारिस गरिदिएमा लगानी गर्न त कम्पनी तथा स्थानीय सरकार तयार हुन सक्छन्। जसरी धनकुटा नगरपालिकाले एभोकाडोमा लगानी गरेको छ, त्यस्तै कात्तिके बोडीमा अन्य स्थानीय सरकारले लगानी गर्नेछन्।

यसको व्यावसायिक विकासका लागि स्थानीय सरकारले एउटा परियोजना ब्यांक बनाएरै काम गर्न सक्नेछन्। शुरूआतमा विस्तारका लागि १० देखि १५ लाख रुपैयाँसम्म लाग्नेछ। यति त स्थानीय सरकारले सजिलै जुटाउन सकिहाल्छन्।

त्यसपछि बजारीकरणको पाटो आउँछ। एक पटक यसको स्वाद लिएका उपभोक्तालाई अन्य बोडी रोज्न गाह्रै पर्छ। कात्तिके बोडीको 'ब्रान्डिङ' र 'प्याकेजिङ' गर्ने हो भने अन्य कम्पनीको पनि सहयोग लिन सम्भव हुन्छ। इलामको रोङ गाउँपालिकाले गुन्द्रुकको 'ब्रान्डिङ' मा काम गरे जस्तै यस क्षेत्रका स्थानीय सरकारले कात्तिके बोडीमा काम गर्न सक्छन्।

### कसरी गर्ने व्यावसायिक विकास?

कात्तिके बोडीबारे वैज्ञानिक अध्ययन-अनुसन्धान भएको छैन। यसको 'पेटेन्ट राइट' पनि दर्ता गर्न बाँकी छ। त्यसैले नार्कले विभिन्न कोणबाट अध्ययन गर्न जरूरी छ। नेपालले 'पेटेन्ट राइट' दर्ता गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सक्छ।

कात्तिके बोडीको व्यावसायिक विकास पनि गर्न सकिन्छ। भोजपुरको हतुवागढीमा मात्रै नभएर अरुण, पौवादुङमा र आमचोक गाउँपालिकामा पनि यसको खेती गर्न सकिन्छ। किनकि यी क्षेत्रमा उस्ताउस्तै भूगोल छ, खेतीपाती हुन्छ। त्यस्तै, धनकुटाका अन्य क्षेत्रमा पनि विस्तार गर्न सकिन्छ। सँगसँगै उदयपुरको तल्लो क्षेत्र यसको खेतीका लागि उपयुक्त स्थल हुन सक्छ।

यसको स्वाद र नरमपनाले गर्दा बजार पनि पाउन सक्छ। देशभित्र मात्रै होइन, बाहिर पनि निर्यात गर्न सकिन्छ। व्यावसायिक खेतीका लागि नार्कले अध्ययन-अनुसन्धान गरेर यसको बीउबिजन जोगाउनेतर्फ काम गर्नुपर्छ। त्यसअघि स्थानीय सरकारले ध्यान दिनुपर्छ। भोजपुर र धनकुटाका स्थानीय सरकारले पकेट क्षेत्र बनाएर स्थानीय किसानलाई प्रोत्साहन गर्नुपर्छ। जसले वर्षौंदेखि कात्तिके बोडी खेती गरिरहेका छन्, अझ यसो भनौं, कात्तिके बोडीलाई जोगाएका छन्।

### अन्यत्र विस्तार

रैथाने कात्तिके बोडीको परापूर्वकालदेखि नै खेती हुँदै आएको छ। तर अहिलेसम्म कसैले पनि व्यावसायिक रूपमा धेरै रोपनीमा खेती गरेको पाइँदैन। आकाशे पानीको भरमा खेती गरिने भएकाले कहिलेकाहीं बीउ पनि नासिने गरेको हुन्छ।

त्यसैले व्यावसायिक रूप दिने हो भने सिंचाइका लागि आधुनिक प्रविधि प्रयोग गर्नुपर्छ। जस्तै- थोपा सिंचाइ, मल्चिङ, प्लास्टिक पोखरी, रिचार्ज पोखरीको विस्तार गर्न सकिन्छ।

# राजा क्लब झापा कपको सेमिफाइनलमा प्रवेश

बिर्तामोड(प्रस)। गोलरक्षक निरज चौधरी नायक बन्दा इटहरीको राष्ट्रिय जागृति क्लब झापाको बिर्तामोडमा जारी झापा कपको सेमिफाइनलमा प्रवेश गरेको छ ।
टाइब्रेकरमा भारतको जिटिए दार्जिलिङलाई ४-२ गोल अन्तरले हराउँदै जागृति अघिल्लो चरणमा प्रवेश गरेको हो ।
टाइब्रेकरमा जागृतिका प्रवेश दनुवार, सविन घिमिरे, योगेन्द्र कार्की र विदेशी खेलाडी नाम्दी इबोसीले गोल गरे भने निशान लिम्बूको प्रहार बारमा लागेर फर्कियो । जिटिएका आशिष देवान र प्रितम राईको मात्र गोल हुन सफल भएको थियो । अंगद थापा मगर र भाइचुङ राईको प्रहार गोलरक्षक निरज चौधरीले बचाउ गरे ।
यसअघि खेलको १७ औँ मिनेटमा जागृतिका लागि प्रवेश बस्नेतले गोल गर्दै टिमलाई अग्रता दिलाए । डिबक्समा अनमार्क रहेका बस्नेतले खमिरगिल्सन कन्दङ्वाको क्रस पासलाई सदुपयोग गर्दै गोल गरे ।
खेलको २० औँ मिनेटमा डिफेन्डर निवास रानाको ह्यान्ड बल भएको थियो । त्यसपछि जागृतिका मिलन राईले गरेको पेनाल्टी प्रहार जिटिएका गोलकिप्परले बचाउ गर्दा अग्रता दोब्बर गर्ने अवसर गुमेको थियो ।




खेलको २२ औँ मिनेटमा जिटिएले खेल बराबरी गर्यो । देवाशिष राईले मैदानको मध्यभागबाट दुईजना डिफेन्डरलाई बिट गर्दै विपक्षी गोलपोस्टमा प्रहार गरेका थिए । गोलकिप्परबाट रिबाउन्स भएको बललाई उनले गोलमा परिणत गरे ।
३६ औँ मिनेटमा जिटिएका कप्तान आशिष देवानको कर्नर प्रहारमा ज्योति क्षेत्रीले गरेको हेडर गोलकिप्पर निरज चौधरीले गोललाइनबाट बचाए ।
पाँचौं मिनेटमा जागृतिका मिलन राईले डिबक्समा वान भर्सेस वान पाएको अवसर गुमाए । उनको पावरफुल सट गोलकिप्परले उत्कृष्ट बचाउ गरे । १३ औँ मिनेटमा निशान लिम्बूले डिबक्समा पाएको अवसर सदुपयोग गर्न सकेनन् ।
खेलको ६८ औँ मिनेटमा जागृति १० खेलाडीमा सीमित भयो । जागृतिका स्ट्राइकर मिलन राई विपक्षी गोलकिप्पर निगम सिंहलाई फाउल गरेपछि रेडकार्ड पाएर मैदानबाट बाहिरिए । १० खेलाडीमा सीमित भएको जागृति त्यसपछि दबाबमा परेको थियो ।
खेलको प्लेयर अफ द म्याच विजेता जागृतिका गोलकिप्पर चौधरी भए । उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए ।
बुधबारको तेस्रो क्वार्टरफाइनल खेल चर्च ब्वाइज युनाइटेट र गोर्खा ब्वाइज स्पोर्टस क्लब रुपन्देहीबीच हुने आयोजकले जनाएको छ ।
प्रतियोगिताको विजेताले नगद १० लाख तथा उपविजेताले नगद ५ लाख पुरस्कार पाउने आयोजक झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए । प्रतियोगिताको फाइनल खेल पुष ८ गते हुनेछ ।
प्रत्येक खेलको प्लेयर अफ द म्याचले १० हजार नगद पाउनेछन् । प्रतियोगिताको उच्च गोलकर्ता एकजना तथा उत्कृष्ट गोलकिप्पर एकजनालाई ३५ हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

त्यस्तै, प्रतियोगिताको एक उदीयमान खेलाडीलाई झापा ट्यालेन्ट घोषणा गरेर नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ । प्रतियोगिताको सर्वोत्कृष्ट एकजना खेलाडीलाई मस्ट भ्यालुएवल खेलाडी घोषित गरेर नगद १ लाख रुपैयाँ प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए । प्रतियोगितालाई रोमाञ्चक बनाउँदै प्रोत्साहित गर्न बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन एकजना भाग्यशाली दर्शकलाई हिमस्टार टिभी प्रदान गर्दै आएको छ ।

# चुलाचुलीमा दहमा डुबेर एकजनाको मृत्यु

झापा(प्रस)।इलामको चुलाचुलीमा दहमा डुबेर एकजनाको मृत्यु भएको छ ।

मंगलवार दिउँसो ४ बजे दक्षिणपूर्वमा रहेको दहमा मृत अवस्थामा फेला परेका थिए । स्थानीयले शव फेला पारी जानकारी गराउनसाथ प्रहरी चौकी पखिनटारबाट प्रहरी टोली खटिएर



चुलाचुली- ६ कालापानी बस्ने अन्दाजी २२ वर्षीय रविन राई घरबाट घाँस काट्न गएकोमा घर नफर्किएपछि खोजतलास गर्ने क्रममा बुधवार बिहान १० बजे घरबाट अन्दाजी डेढ किलोमिटर घटनास्थल सुरक्षित राखेको र थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय दमकसंग आवश्यक समन्वय भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# अपाङ्गता भएका व्यक्तिका लागि मेचीनगरमा शिविर संचालन

लक्ष्मी उप्रेती,
बाहुनडाँगी। कोशी प्रदेश सरकारका खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्री एकराज कार्कीले अपाङ्गगता भएका व्यक्तिहरुलाई माया होइन अवसर दिनुपर्ने बताएका छन् ।
अपाङ्गगता भएका व्यक्तिहरुलाई अवसर दिएको खण्डमा उनीहरु अरु सरह काम गर्न सक्ने भएकाले माया होइन अवसर दिनुपर्ने मन्त्री कार्कीको भनाई थियो ।
सोमबार मेचीनगर –१ बाहुनडाँगीमा अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रमअन्तर्गत अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण,आवश्यकता पहिचान तथा परिचयपत्र वितरण शिविरको उद्घाटन समारोहमा प्रमुख अतिथिको आसनबाट बोल्दैं मन्त्री कार्कीले यस्तो बताएका हुन् । अहिले कोशी प्रदेश सरकारको निकै महत्वपूर्ण काम यहि भएको भन्दैं देशभरि नै यस्तो रचनात्मक काम कोशी प्रदेश सरकारले शुरु गरेको मन्त्री कार्कीले दाबी गरे ।
अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरि प्रत्येक वडामा शिविर सञ्चालन गर्न लागिएको उपप्रमुख मीना पोखेल उप्रेतीले बताइन् ।विशेषज्ञ चिकित्सकद्वारा स्वास्थ्य परीक्षण तथा आवश्यकता पहिचान तथा अपाङ्गता परिचयपत्र वितरणको काम शिविरमार्फत सञ्चालन गरिने उपप्रमुख उप्रेतीको भनाई छ । वडा नम्बर १ को वडा कार्यालयबाट सुरु भएको शिविर १५ गते वडा नम्बर १५ मा पुगेर समापन हुने छ । नगरले आवश्यक कागजातको साथमा आ-आफनो वडामा सञ्चालन हुन लागेको शिविरमा उपस्थित हुन अपाङ्गता भएका व्यक्तिहरुलाई आग्रह गरेको छ । मेचीनगर स्तरीय अपाङ्ग समन्वय समितिका संयोजक एवम् उपप्रमुख मीना पोखेल उप्रेतीको अध्यक्षता रहेको कार्यक्रममा कोशी प्रदेश सभा सदस्य छवि चुडाल, मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकी, मेचीनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, करूणा फाउन्डेसनका वरिष्ठ कार्यक्रम व्यवस्थापक कमल कोईराला ,नेकपा एमाले मेचीनगर कमिटी अध्यक्ष राजु कार्की,नेपाली काँग्रेस प्रतिनिधि हेमलाल गुरागाईँलगायतले बोलेका थिए ।
नगरपालिकाका शाखा प्रमुख अन्नतप्रकाश वस्तीले सञ्चालन गरेको उद्घाटन सत्रमा मेचीनगर १ का वडाध्यक्ष रामकुमार राईले स्वागत गरेका थिए ।

# जापानबाट ७ जना नेपाली निष्कासित

झापा(प्रस)। पछिल्लो समय जापान जाने नेपालीहरूको संख्या बढ्दै गएको छ। विद्यार्थी भिसा होस् वा वर्किङ भिसामै किन नहोस्, जापान जानेको संख्या बढ्दो छ। जापान पठाउन एजुकेसन कन्सल्टेन्सी, मेनपावरलगायतका एजेन्सीहरू सक्रिय छन्।
कम्तीमा १३ लाख तिरेर जापान पुग्ने गरेका छन् नेपालीहरू। तर, त्यहाँ पुगेपछि मात्रै उनीहरूलाई थाहा हुन्छ कि सोचेजस्तो होइन रहेछ जापान। आम्दानी कम र परिवारको दबाब संख्या पनि बढिरहेको छ। गत साताामात्रै जापानको अध्यागमनले ७ जना नेपालीलाई निष्कासन गरेको छ। कानुनविपरीत जापानमा रहेका उनीहरूलाई निष्कासन गरी नेपाल पठाइएको हो। विगत २० वर्षदेखि टोक्योमा बस्दै आएका एक नेपालीका अनुसार अहिले पनि केही नेपालीहरू जापानको अध्यागमन प्रहरीको नियन्त्रणमा छन्। 'उनीहरूलाई अध्यागमन अधिकारीहरूले निष्कासन गर्ने तयारी गरिरहेको छ,' उनले भने।



बढेपछि त्यहाँ पुगेका नेपालीहरू अवैध ढंगले काम गर्न बाध्य हुन्छन्। जापानले अध्यागमन कानुनलाई निकै बलियो बनाएको छ। विद्यार्थीहरूलाई सीमित घन्टामात्र काम गर्न तोकिदिएको छ। वर्किङ भिसामा गएकाहरूको समेत आम्दानी राम्रो छैन। जापानको राजधानी टोक्यो संसारकै महँगोमध्येको सहर हो। पारिवारिक अभाव पूरा गर्न अवैधरूपमा काम गरेपछि त्यहाँ उनीहरू अध्यागमन प्रहरीको निसानामा पर्छन्।
जापानको अध्यागमन कानुन उल्लंघन गरेर निष्कासनमा पर्ने नेपालीहरूको निष्कासनमा पर्नेहरूमा साबित्री खड्का तिरुवा, सुशन गिरी, गीता विक, बुद्धिकुमारी विक, उरुसल तामाङ लामा, मधुकर विष्ट र मनोहर ढुंगेल रहेका छन्। उनीहरू थाइ एयरवेयजको जहाजबाट काठमाडौं आइपुगेका हुन्।अध्यागमन कानुन उल्लंघन गरेको आरोप उनीहरू निष्कासनमा परेको भनिए पनि कानुनबारे केही नखुलेको स्रोतको भनाइ छ। 'अध्यागमन कानुनविपरीत पाइएपछि उनीहरूलाई निष्कासन गरेको भन्ने छ। तर, कानुनबारे प्रस्ट भनिएको छैन,' स्रोतले भन्यो।

# '२०८४ सम्म दुई दलबीच सहकार्य'

बिर्तामोड(प्रस) ।नेपाली कांग्रेस कोशी प्रदेश समितिका सभापति उद्धव थापाले २०८४ सम्म सत्ता साझेदार दुईदलीय सहकार्य जारी राख्नुपर्ने बताएका छन् ।नेपाली कांग्रेस झापाको आयोजनामा सम्पन्न पदाधिकारी, क्षेत्रीय सभापति, गाउँ/नगर समितिका सभापतिहरुको जिल्ला पार्टी कार्यालयमा भएको संयुक्त बैठकलाई सम्बोधन गर्दै नेता थापाले वर्तमान सरकार असफल भए देशका ठूला दल असफल हुने जिल्लास्तरीय भेला आयोजना गर्ने र पुष २४ गते नेपाली कांग्रेस कोशी प्रदेश समितिको आयोजनामा कचनकवल-सगरमाथा जागरण यात्रा केचना स्तम्भमा आयोजना गर्ने निर्णय गरेको सचिव नवीन विमलीले जानकारी दिए । यसको पूर्वतयारीका लागि झापाका पाँचवटै क्षेत्रमा पुष १८ गतेदेखि २० गतेसम्म क्षेत्रस्तरीय बैठक सम्पन्न गर्ने निर्णय बैठकले गरेको छ । यसैबीच जिल्ला सहकारी संघको नजिकिएको निर्वाचनलाई लक्षित



बताउँदै दुईदलीय स्पिड अनुसार नै कार्य गर्नुपर्ने बताएका हुन् ।
नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले स्थानीयदेखि संघीय सरकारसम्मका गतिविधि प्रभावकारी बनाउन 'सत्ता साझेदार दल राजनीतिक संयन्त्र' बनेको बताउँदै स्थानीय तहमा विधानतः दुई दलका पार्टी सभापति, निर्वाचित जनप्रतिनिधि एवं दुई दलले सिफारिस गरेका दुई-दुईजना सदस्य रहने ब्यवस्था रहेको जानकारी दिए ।
सभापति थेवेको सभापतित्वमा सम्पन्न बैठकले आगामी पुष १६ गते विशेष सांगठनिक अभियान समापनसँगै जिल्ला पार्टी कार्यालयमा गरी आगामी पुष १३ गते सहकारी समन्वय समितिको भेला जिल्ला पार्टी कार्यालयमा गर्ने निर्णय बैठकले गरेको कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए । बैठकले नेपाली कांग्रेसका पूर्व केन्द्रीय सदस्य एवं तत्कालीन काठमाडौं नगरपालिकाका मेयर प्रेमलाल (पि.एल.) सिंहको निधनप्रति शोक प्रस्ताव पारित गर्दै तीन दिनसम्म जिल्ला पार्टी कार्यालयमा आधा झण्डा झुकाउने निर्णय गरेको छ । पि.एल. सिंहको स्मृतिमा एकमिनेट मौनधारण गरिएको बैठकमा अन्य समसामयिक राजनीतिक विषयमा पनि छलफल भएको थियो । बैठकमा सहजीकरण सचिव विमलीले गरेका थिए ।

# पाँच महिना बित्दा विकास खर्च १२ प्रतिशत मात्रै



झापा(प्रस) । विकास लक्षित पूँजीगत खर्च सुस्त हुने महारोग यस वर्ष पनि कायम हुने देखिएको छ।
चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो पाँच महिना बित्दा पूँजीगत खर्च वार्षिक लक्ष्यको ११.५८ प्रतिशत मात्रै भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांक छ। कार्यालयका अनुसार ३० मंसिरसम्म सरकारले ४० अर्ब ८० करोड रुपैयाँ मात्रै पूँजीगत खर्च गरेको छ। यस वर्ष सरकारले पूँजीगत खर्चका लागि तीन खर्ब ५२ अर्ब रुपैयाँ छुट्याएको थियो।
सरकारले पूँजीगत खर्चमा तीव्रता दिएर विकास निर्माणका गतिविधिलाई बढाउने र अर्थतन्त्रलाई चलायमान बनाउने दाबी गर्दै आए पनि बितेका वर्षहरूको नियति यस वर्ष पनि दोहोरिएको हो। गत वर्षका तुलनामा यस वर्षको पूँजीगत खर्च झन् शिथिल बनेको देखिन्छ। गत आर्थिक वर्षको पहिलो पाँच महिनामा वार्षिक लक्ष्यको ११.९४ प्रतिशत पूँजीगत खर्च भएको थियो।
पूँजीगत खर्च कम हुनुले विकास निर्माणको शिथिल स्थिति दर्शाउँछ। सरकारले भुक्तानी दिनुपर्ने रकम समेत नदिएर रोकिरहेको निर्माण व्यवसायीले दाबी गर्दै आएका छन्। पूँजीगत खर्च कम हुँदा निर्माण सम्बन्धी गतिविधि शिथिल भएको र त्यसले अर्थतन्त्रलाई नै गतिहीन बनाएको टिप्पणी हुने गरेको छ। अर्थशास्त्रीले निर्माणका गतिविधिलाई तीव्रता दिएर पूँजीगत खर्च बढाउन सके अर्थतन्त्रको शिथिलता कमजोर भएर जाने बताउने गरेका छन्।

अर्कातिर, सरकारको आम्दानी पनि लगातार खस्कँदो छ। यस वर्षको पहिलो पाँच महिना बित्दा सरकारले वार्षिक लक्ष्यको २८.१ प्रतिशत मात्रै राजस्व संकलन गर्न सकेको छ।

यस वर्ष सरकारले १४ खर्ब १९ अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो। तर ३० मंसिरसम्म करीब चार खर्ब रुपैयाँ मात्रै राजस्व संकलन भएको छ। राजस्व संकलन भने गत वर्षको तुलनामा सामान्य बढेको छ। गत वर्षको पहिलो पाँच महिनामा तीन खर्ब ६३ अर्ब रुपैयाँ मात्रै राजस्व उठेको थियो। यसले बितेको वर्षका तुलनामा करीब १० प्रतिशतले राजस्व बढी उठेको देखाउँछ।
बाह्य मुलुक र संस्थाबाट प्राप्त गर्ने अनुदान पनि शून्य छ। सरकारले यस वर्ष ५२ अर्ब ३२ करोड रुपैयाँ विदेशी अनुदान प्राप्त गर्ने लक्ष्य राखेकामा आर्थिक वर्षको पहिलो पाँच महिनामा कुनै सहयोग प्राप्त गर्न सकेको छैन।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज कार्यमा अवरोध आउला । मालसामान हराउने वा नोक्सानी हुनसक्छ
**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।
**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।
**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।
**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।
**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।
**मिन** दिनको उत्तरार्धमा बढी धन खर्च हुनेछ । सफल यात्रा हुनेछ ।